"शिक्षा स्वास्थ्य र पुर्वाधार, समुन्नत पुतलीबजारको आधार"

# पुतलीबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८०/०८१
च.नं. ३३२

स्याङ्जा,
गण्डकी प्रदेश, नेपाल।

मितिः २०८०/०५/०५

श्री कक्षा ११ र १२ सञ्चालित सामुदायिक, संस्थागत र अन्य शैक्षिक संस्थाहरु,
पुतलीबजार नगरपालिका, स्याङ्जा।

विषयः कक्षा ११ र १२ को कक्षा दिवा सत्रमा सञ्चालन गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा प्रचलित कानुनवमोजिम माध्यमिक तह कक्षा ११ र १२ का कक्षाहरु विहानी सत्रमा सञ्चालन नगरी दिवा सत्रमा सञ्चालन गर्नुपर्ने प्रावधान रहेको व्यहोरा सर्वविधितै छ।यसै सन्दर्भमा प्रचलित कानुनको प्रतिकुल हुने गरी यस नगरपालिकाभित्र केही सामुदायिक, संस्थागत तथा अन्य शैक्षिक संस्थाहरुले विहानी सत्रमा कक्षा ११ र १२ का कक्षाहरु सञ्चालन गरिरहेको र विहानी सत्रमा कक्षा सञ्चालन गर्दा विषयगत पाठ्यभार नपुगी विद्यार्थीको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारमा आघात पुगेको भन्ने गम्भिर गुनासो प्राप्त भएको छ। यस गुनासोलाई पुतलीबजार नगर कार्यपालिकाले गम्भिर रुपमा लिदै कक्षा ११ र १२ को विहानी सत्रमा  कक्षा सञ्चालन र व्यवस्थापनका लागि देहायवमोजिम गर्ने निर्णय गरेको हुँदा सोहीवमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

**देहायः**

१. मिति २०८०/०५/१६ गते वाट अनिवार्य रुपमा कक्षा ११ र १२ का नियमित कक्षाहरु दिवा सत्रमा सञ्चालन गर्ने।
२. विद्यार्थी चाप वढी भएका विद्यालयहरुले मिति २०८०/०५/१६ गतेदेखि कक्षा ११ का नियमित कक्षाहरु दिवा सत्रमा सञ्चालन गर्ने र आगामी शैक्षिक सत्र देखि कक्षा १२ का कक्षाहरुपनि नियमित रुपले दिवा सत्रमा सञ्चालन गर्ने।

बाबुराम बराल
अधिकृतस्तर दशौं

**पुनश्चः यस सूचनाको पुर्णरुपमा पालना नगर्ने विद्यालयहरु तथा शैक्षिक संस्थाहरुलाई प्रचलित कानुन वमोजिम कारवाही गरिनेछ।**